कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, जुम्ला

# आयोजना प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२०**

कृषि विकास कार्यालय, जुम्लाबाट आगामी आ. व. २०८२/८३ मा कार्यान्वयन गरिने कृषि विकास आयोजनाका लागि आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि-२०८१ अनुसार तपसिलमा उल्लेखित आयोजना प्रस्तावका विषय क्षेत्रगत आधारमा आयोजना/योजना/कार्यक्रम माग प्रस्ताव पेश गर्न जुम्ला जिल्लाका सरोकारवाला (कृषक समुह/कृषि सहकारी संस्था/ब्यवसायि कृषि फर्म/कृषि कम्पनी/कृषि उद्योग) ८ वटै पालिका र प्रदेश सभाका सदस्य सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिन (२०८१/११/२९ गते) कार्यालय समयावधि भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजात संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा फाराम भरी आयोजना माग प्रस्ताव पेश गर्न हुन अनुरोध छ। साथै सूचनाको अन्तिम दिन कुनै सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय समयमा प्रस्ताव संकलन गरिनेछ।

२०८१/११/२०
रामभक्त अधिकारी
कृषि अर्थ विज्ञ (सातौं)
निमित्त कार्यालय प्रमुख

**तपसिलः**

**आयोजना प्रस्तावका विषय क्षेत्रगत आधारः**

क) सामान्य आधारः

१. प्रदेशको तिव्र आर्थिक वृद्धिमा पुऱ्याउने योगदान र विकास निर्माणमा जनसहभागिताको योगदान,

२. दिगो विकासका समग्र लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग,

३. सामाजिक समावेशीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा पुऱ्याउने योगदान,

४. आयोजनाको पूर्व तयारीको अवस्था र सम्पन्न हुन लाग्ने समय,

५. प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा पुऱ्याउने योगदान,

ख) क्षेत्रगत आधारः

१. चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा पुग्ने योगदान,

२. दिगो विकासका क्षेत्रगत लक्ष्य हासिलमा पुऱ्याउने सहयोग,

**आवश्यक कागजातहरुः**

१. आयोजना प्रस्ताव माग सम्बन्धि अनुसूची-२ बमोजिमको ढाँचामा उल्लेख गरिएको ब्यवसायिक योजना पेश गर्नुपर्नेछ।

२. स्थानीय तहको हकमा आयोजना पहिचान गरी कार्यपालिकाबाट निर्णय गराई आयोजना माग प्रस्ताव पेश गर्नुपर्नेछ।

३. जनसहभागीतामा सञ्चालन हुने आयोजनाको हकमा आयोजना प्रस्तावकले आयोजना लागतको न्यूनतम बीस प्रतिशत स्रोत व्यहोर्ने प्रतिवद्धता जनाएको हुनुपर्नेछ।

४. कृषक समुह/कृषि सहकारी संस्था/ब्यवसायि कृषि फर्म/कृषि कम्पनी/कृषि उद्योगहरुले सम्वन्धित पालिकामा आफ्नो प्रस्तावना पेश गर्नु पर्नेछ र पालिकाले कार्यापालिकाको निर्णय सहित यस कार्यालयमा पठाउनु पर्नेछ ।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि-२०८१ अनुसार हुनेछ र थप जानकारीको लागि फोन नं. ०८७-५२००२७, सूचना अधिकारी- ९८५८३६६२२७ र कार्यालयको वेबसाइडः adojumla.gov.np मार्फत जानकारी लिन सकिने छ।

"अर्गानिक खेतिमा वृद्धि, कर्णालीको समृद्धि"

टेलिफोन नं: ०८७-५२००२७
ईमेलः- akcjumla@gmail.com wedsite adojumla.gov.np

CamScanner